# राष्ट्रहरू: भाग २



**शबाथ दिउँसो**

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *उत्पत्ति २:९-१७; दानिएल २:३१-३५; यशैया १७:१२, १३; दानिएल ७:१-३; रोमी ३:१०-१९; प्रकाश १२:१५, १६; प्रकाश १०:१-११।*

**याद गर्नुपर्ने पद:** **"शान्त होओ, र म परमेश्वर हुँ भनी जान। जाति-जाति वा राष्ट्रहरूका बीचमा म उचालिनेछु, पृथ्वीमा म उचालिनेछु"** *(भजनसंग्रह ४६:१०)*।

**परमेश्वरले** नै मानिस पतन भएको चाहनुभएको थियो भनेर शताब्दीयौँदेखि कतिपय दार्शनिक वा विद्वानहरूले वादविवाद गरिरहेका छन्। मानिस पापमा नै खस्कियोस् र मरोस् भन्ने उहाँको नियत हो ताकि ख्रीष्ट क्रूसमा टाँगिनुभएको होस्। नत्रभने मानव प्राणीप्रति उहाँको प्रेमको गहिऱ्याइलाई शक्तिशाली रूपमा चित्रण गर्न क्रूसमा मारिनुभन्दा अरू के उपाय थियो र? संक्षेप्तमा भन्ने हो भने मानव प्राणी पतन भएको परमेश्वरलाई नै आवश्यक भएको भन्ने सोचाइमा ती मानव बुज्रुकहरू परेका छन्।

तर त्यो मनस्थिति भयानक र दयनीय छ। शैतान र मानव प्राणी पतन होस् भन्ने परमेश्वरको नियत कहिले पनि भएको थिएन। शैतानको विद्रोहपछि मानव

प्राणीको विद्रोहले ल्याएको नतिजाले यस संसारमा भयानक विजोग ल्याएको थियो। यदि हाम्रा पहिला पूर्खा पतित नभएको भए हाम्रो आनन्द भरिपूर नै रहनेथियो।

मानव पतनले ल्याएका समस्याहरू र परमेश्वरको प्रभुत्वलाई अस्वीकार गरेर मानव सरकार गठन गरेर ल्याएका अमानवीय परिस्थितिहरूलाई यस अध्यायमा हामी नियाल्नेछौं। ती सत्यहरू दानिएलको पुस्तकमा प्रभावकारी ढङ्गले प्रकट गरिएका छन्। जब मानिसहरू उहाँको प्रभुत्वलाई त्यागेर मानव राजाहरूलाई रोज्दा तिनीहरूलाई के हुनेछन् भनेर उहाँले दिनुभएको चेतावनी सत्य साबित भएको हामीले हेर्नेछौं। जब सांसारिक राजा वा शासकहरू आफै पापी र पतित थिए र छन्, तब पापी र पतित मानिसहरूमाथि प्रभुत्व जमाउँदा कहिले पनि असल नतिजा न पहिला थियो न त अहिले नै छ।

# सबभन्दा पहिलो आज्ञा वा निर्देशन

परमेश्वरका पहिला जनहरूका निम्ति अदनको बगैँचा पहिला कक्षा कोठा थियो। त्यहाँ परमेश्वरका सृष्टिसँग तिनीहरूको अन्तर्क्रिया हुन्थ्यो र सृष्टिकर्ताको बारेमा तिनीहरूका सन्तानलाई निरन्तर रूपमा शिक्षा दीक्षा दिइरहने प्रावधान थियो। एलेन जी. ह्वाइटले यसरी औँल्याउँछन्, "पिताको जस्तै हुने परमेश्वरको स्याहारमा पवित्र दम्पत्ति केवल बालबालिकाहरू मात्र थिएनन् तर सर्वज्ञानी सृष्टिकर्ताबाट शिक्षा दीक्षा लिइरहने विद्यार्थीहरू पनि थिए।... देखिने जगत् ब्रह्माण्ड र नक्षेत्रका रहस्यहरू र उहाँका अचम्म कामहरूको बारेमा सिद्ध ज्ञानहरू *(अय्यूब ३७:१६)* तिनीहरूले हासिल गरिरहेका थिए। तिनीहरूको सामु रहेको कहिल्यै नसकिने शिक्षाहरूको स्रोत थियो र त्यसबाट आनन्दित भएर सिक्दथे।"—*पाट्रियार्क्स एण्ड प्रोफेटस*, पृ. ५०, ५१।

पढ्नुहोस्: **उत्पत्ति २:९-१७ पढ्नुहोस्। मानव प्राणीको निम्ति परमेश्वरको पहिलो निषेध गर्ने आज्ञा के थियो, र यो कित अति महत्त्वपूर्ण थियो?**

पहिला प्रयोग गरिएको क्रियापद "आज्ञा"-को जरा *टस्वेह (tswh)* हो। असल र खराब दिने ज्ञानको रूखको फल नखानू भन्ने पहिलो आज्ञा मानव प्राणीलाई दिएको उत्पत्ति २:१६, १७मा पाइन्छ। कुनै ज्ञान किन निषेधित हुन्छ? के ज्ञान पाउन सधैँ उपयोगी हुँदैन र?

तर बाइबलको अनुसार हुँदैन: परमेश्वरले उहाँका जनहरूलाई राम्रोसँग शिक्षा दीक्षा लामो समयसम्म दिन चाहनुभएको थियो। तर उहाँले त्यस्तै ज्ञानबाट तिनीहरूलाई बचाउन चाहनुभयो जसले रहिरहने कष्टमा डोर्‍याउनेथियो। त्यही चाहनालाई कुण्ठित गर्दा पछि जब मानिसहरू उहाँले भन्दा आफूहरूले नै आफूहरूमाथि शासन गर्ने निर्णय गर्दा तिनीहरूले पाएका र पाइरहेका दुःख खुलासा भएको थियो र भइरहेको छ।

हजारौँ वर्षपछि इस्राएलीहरूले राजा मागे। त्यसको नतिजा के हुनेथियो भन्ने रूपरेखा तिनीहरूलाई परमेश्वरले दिनुभएको थियो। उहाँले सिधै शासन नगरोस् भन्ने निर्णयचाहिँ युगको अन्तसम्म हुनेछ भनेर पनि उहाँले तिनीहरूलाई बताउनुभएको थियो।

जब इस्राएलका राजाहरू दुष्ट्याइँ गर्न प्रगति गरे तब परमेश्वरले करार बाँध्नुभएका जनहरू सांसारिक जालमा पर्न थालेका थिए। तिनीहरूको करारको जीवनबाट हटेर मानवीय सरकारको माग गरेका थिए सो तिनीहरूले पाएका थिए।

यस पृष्ठभूमि थाहा पाएर दानिएलको पुस्तक अध्ययन गर्‍यौं भने धेरै आत्मज्ञान हामी पाउनेछौं। दानिएलको पुस्तकमा विभिन्न साम्राज्यहरूको चित्रण गरिएको छ। ती साम्राज्यहरूलाई "राष्ट्रहरू" भनेर कहलाएका छन्। ती राष्ट्रहरूलाई अन्यजातिहरूले शासन गरेका थिए। इस्राएलका असफलताहरूलाई पनि दानिएलको पुस्तकले चित्रण गरेको छ। तिनीहरूले उहाँको *मिटस्वट (mitswot)* वा आज्ञाहरूलाई मान्न अस्वीकार गर्दा तिनीहरूले भोग्नुपरेका विध्वंसहरू पनि हामीलाई देखाएको छ। अदनको बगैँचामा पाएको पहिलो स्वतन्त्रतालाई बेवास्ता गर्दा तिनीहरू शताब्दीयौँसम्म मानव प्रभुत्वमा रहेका थिए र रहि नै रहेका छन्। इस्राएलको इतिहास नै संसारका राज्यहरू र परमेश्वरको राज्यमा भएको ठूलो भिन्नताको बारेमा सिक्न चाहने हृदयको निम्ति कक्षा कोठा नै भएको थियो।

**कतिपय ज्ञानहरू हामीमा नभएको भए कति असल हुनेथियो सो सोच्नुहोस्। यही कुराले अदनको बगैँचामा निषेधित गरिएको ज्ञानको बारेमा बुझ्नमा कसरी सहायता गर्दछ?**

# दानिएल २

इस्राएलीहरू बेबिलोनमा युद्धबन्दीको रूपमा थिए। त्यसै बखत परमेश्‍वरका अगमवक्ता दानिएललाई उहाँका जनहरू र यस संसारका राज्यहरूको बिचमा भइरहेको सम्बन्धको अत्यन्तै प्रभावकारी वर्णन प्रस्तुत गर्नुभएको थियो। अब उहाँका जनहरू स्वाधीन थिएनन्। तिनीहरूले गरेका निर्णयअनुसार नै तिनीहरूले नतिजाहरू भोगेका थिए। तर तिनीहरूबाट तिनीहरूले कहिले पनि सिक्न चाहेका थिएनन्।

पढ्नुहोस्: **दानिएल २:३१-३५मा विश्‍वको इतिहास युगको अन्तसम्म संक्षिप्त रूपको व्यापक रूपरेखा प्रस्तुत गरिएको छ। यस अचम्मको भविष्यवाणीबाट हामी के सिक्न सक्छौं?**

______________________________

______________________________

उन्नाइसौँ शताब्दीको अन्तमा धेरै मानिसहरू मानव प्रगतिप्रति धेरै उत्साहित भएका थिए। सन् १९००मा फ्रान्सको राजधानी पेरिसमा मानव प्रगतिको भव्य प्रदर्शन भएको थियो। यसले भविष्यप्रति आशावादी भएको उल्लेखनीय प्रदर्शन गरेको थियो। त्यस बेला तत्कालिन मानव ज्ञान, गणित, प्रविधि र वैज्ञानिक उपलब्धीहरूको प्रदर्शन गरिएका थिए। ती सबैले मानिसका सबभन्दा खराब समस्याहरू अब समाधान हुनेछन् भनेर धेरैले सोचेका थिए। जब मानव इतिहास बीसौँ शताब्दीमा प्रवेश गर्‍यो तब धेरै बुद्धिजीविहरूले महान् ज्ञानको उदयमा प्रवेश गरेको भनेर ठूलो आशा व्यक्त गरेका थिए। अब मानव जीवन परिपक्व र सिद्धतामा प्रवेश गरिसकेको छ र तर्क गर्नमा शक्तिसम्पन्‍न भइसकेको छ भनेर अनुमान गर्दै मानव इतिहास महान् अचम्मको युगमा प्रवेश गरिसकेको छ भनेर कतिपय बुद्धिजीविहरूले सपना देखेका थिए।

जब पहिलो विश्‍व युद्ध सुरु भयो तब त्यो सपना चक्नाचुर भयो। बीसौँ शताब्दीको अन्त्यमा युद्धमा बीस करोडभन्दा बेसी मानिसहरूले ज्यान गुमाएका

थिए। अनेकौँ प्रविधिमा हामीले प्रगति गरौंला तर नैतिक रूपमा हामी पतित भइरहेका छौं। डाक्टर मार्टिन लुथर किङ्गको भावनालाई परिमार्जित गर्दै हामी यो भन्न सक्छौं कि हामीसँग मिसाइललाई कसरी प्रयोग गर्ने ज्ञान छ तर तिनीहरूलाई दुरुपयोग गर्ने मानिसहरू छ्यापछ्याप्ती छन्। *योचाहिँ* धेरै डरलाग्दो कहावत हो।

भविष्यवाणीका धेरै विद्यार्थीहरूले दानिएल २को धातु अत्यन्तै मूल्यवानबाट अत्यन्तै कम मूल्य वा सुनबाट चाँदी, चाँदीबाट ढलौत, ढलौतबाट फलाम, र फलामबाट फलाम र माटोमा झरेको देखेका छन्।

चार्लस दार्विन, कार्ल मार्क्स र अरू उन्नाइसौँ शताब्दीका दार्शनिकहरूले मानव जीवन अब माथितिर लागिरहेको छ भनेर मानिसहरूलाई विश्वस्त बनाउन खोजेका थिए। सूक्ष्म जीवबाट मानिस भएर सामाजिक रूपमा उच्च स्तर हासिल गरेको छ भनेर तिनीहरूले सिकाएका थिए। हुन त केही हदमा मानव अस्तित्व कमसेकम भौतिक स्तरमा सुधार भए तापनि अहिलेको राजनैतिक, सामाजिक, धार्मिक र बौद्धिक स्थितिलाई हेर्दा हामीले के आशा गर्न सक्छौं र? के शान्ति, सुरक्षा र उन्नतिमा हामी प्रगति गरेका छौं भनेर दाबी गर्न सक्छौं र?

**येशूले स्पष्ट रूपमा हामी सबैलाई चेतावनी दिनुभएको छ, "तिमीहरूले युद्धहरू घन्किरहेको र संग्रामका खबरहरू सुन्नछौ।... एक राष्ट्रले अर्को राष्ट्रको विरोधमा लाग्नेछ, एक राज्यले अर्को राज्यसँग युद्ध गर्नेछ। अनिकाल, रोगव्याधी वा महामारीहरू चर्को हुनेछन् र विभिन्न ठाउँहरूमा भूकम्प जानेछन्"** *(मत्ती २४:६, ७)*। **ती सबै चेतावनीहरूको बाबजुद पनि संसारको इतिहास भविष्यवाणीअनुसार नै चलिरहेको छ भन्ने सन्देशले हामीलाई कस्तो सान्त्वना दिन सक्छ?**

# दानिएल ७

दानिएल २को सपना बेबिलोनको राजालाई प्रस्तुत गरिएको थियो। त्यसको विपरित दानिएल ७को दिव्यदर्शन हिब्रू अगमवक्तालाई प्रस्तुत गरिएको थियो। त्यो अगमवक्ता परमेश्वरको करारमा रहेको जनहरूका सदस्य थिए।

जुन विषयवस्तु नबूकदनेसरलाई देखाएको थियो त्यही दानिएललाई पनि दिव्यदर्शनमा देखाइएको थियो। तर त्यो विषयवस्तु भिन्नै दृष्टिकोणले देखाइएको थियो। उनले मूर्ती त देखेन तर जब बतासले समुद्रलाई हल्लाइरहेको थियो तब राष्ट्रहरू उदय भएको उनले देखेका थिए। ती राष्ट्रहरू निरन्तर रूपमा कलहमा परिरहेका थिए। तिनीहरूको बिचमा एकमाथि अर्को प्रभुत्त्व जमाउन चलखेल भएको थियो। भजनसंग्रह ६५:५-८; यशैया १७:१२, १३ र यर्मिया ४६:७, ८ जस्तो पदहरूले बाढी र छालहरू भनेको राष्ट्रहरूको बिचमा कलह भएको चित्रण गर्दछन्।

त्यसको विपरित प्रतिज्ञा गरिएको देशको अस्तित्व कायमै थियो। कमसेकम केही समयको निम्ति शान्ति र सुरक्षा थियो। अन्यजातिहरूको समुद्रमा इस्राएल शान्त थियो। त्यो राष्ट्र परमेश्वरको राज्यको ठोस जगमा बसालिएको थियो। तर त्यसका वरिपरि रहेका राष्ट्रहरूबाट कसैले त्यसलाई नियन्त्रण गर्न सकेको थिएन।

पढ्नुहोस्: **देहायका पदहरूमा धेरै चालहरू छन्। त्यहाँ कोरिएको चित्रणबाट हामीले के पाठहरू सिक्न सक्छौं? समुद्रबाट पशु निस्केको रे, त्यसको अर्थ के हो? दानिएल ७:१-३ पढ्नुहोस्।**

---

---

समुद्रको किनाराबाट दानिएलले अन्यजातिहरूको गडबड वा अराजकता हेरिरहेको हुन्छ, र अचानक *उनको क्षेत्रमा* पशुहरू *आउन थाल्छन्*! अन्यजातिहरूका समस्याहरू उनका जनहरूको समस्या हुन थालेको थियो। तिनीहरू अन्य जातिहरू *जस्तै* रहन थाले। त्यसको फलस्वरूप तिनीहरू अन्यजातिहरूको प्रभुत्वमा

रहनेथिए। बेबिलोनको आधिपत्यपछि परमेश्वरका जनहरूले पूरै वा लामो समयसम्म स्वतन्त्रताको अनुभव गर्न नसक्ने भएका थिए।

परमेश्वरका जनहरूले गुमाएको स्वायत्तता युगको अन्तसम्म रहनेछ, जब येशूले आफ्नो राज्यको दाबी गरेर यस पृथ्वीमा उहाँको राज्य स्थापना गर्नुहुनेछ। नयाँ करारमा परमेश्वरका जनहरू रोमन राज्यबाट यातना निरन्तर रूपमा खप्नुपरेको थियो। अब मूर्तीपूजा रोमको उत्तराधिकारी भएर सानो सिङ्गको आधिपत्यमा पनि परमेश्वरका जनहरूले यातना सहनुपरेको थियो।

इतिहासमा हेर्दा केही राष्ट्रहरू अरू राष्ट्रहरूभन्दा असल थिए र कुनै एकभन्दा अर्को युगमा शान्ति थियो। तर प्रायः जसो सबै राष्ट्र, मानिस र साम्राज्यहरू झन्-झन् वियोगमा परेका थिए र एकपछि अर्कोको दमनमा परेका थिए र परि नै रहेका छन्। तर देश र जनताको भलाइकै निम्ति गरेको भनेर दाबी गर्ने शासकहरूले त्यो नीति अपनाएका थिए। त्यो त परमेश्वरले आफ्ना जनहरूलाई चाहनुभएको शासनभन्दा विपरित थियो। तिनीहरूले परमेश्वरलाई चुनेका भए त्यो स्थिति तिनीहरूमा आउनेथिएन।

**हाम्रो वर्तमान संसारको कहालीलाग्दो परिस्थितिलाई रोमी ३:१०-१९ले कसरी व्याख्या गरेको छ? त्यस परिवेशमा हाम्रो जीवनमा सुसमाचारको अपरिहार्यता किन छ भनेर १९ पदले विशेष रूपमा कसरी बताउँछ?**

# जमिन र समुद्रको बिचमा

बाइबलमा दिएका जमिन र समुद्रको चित्रण विशेष गरेर भविष्यवाणीमा धेरै शिक्षाप्रद हुन सक्छ। बाइबलको भविष्यवाणीमा दिएको *जमिन* र *समुद्र* एक आपसको विपरित चित्रण हो।

"पृथ्वी र समुद्र एक आपसमा विपरित छन्। *पृथ्वीको* चित्रणले पृथ्वीमा भएको व्यवस्थित राज्य शासनलाई र इस्राएल देशलाई पनि जनाउँछ। *समुद्र* भन्दा अन्यजातिहरूका राष्ट्रहरू हुन्। जसरी समुद्रले दुःख दिन्छ त्यसरी नै ती अन्यजातिका राष्ट्रहरूले दुःख दिन्छन्।"—बियाट्रिस एस. नील, "सिल सेन्ट्स एण्ड द ट्रिब्युलेशन," *सिम्पोसियम अन रेभलेशनमा*, बुक १, फ्रान्क बी. होलब्रुकद्वारा सम्पादित (सिलभर स्प्रिङ्ग, मेरिल्याण्ड: बिब्लिकल रिसर्चा इन्स्टिच्युट, जनरल कन्फरेन्स अभ सेभेन्थ-डे एड्भेन्टिस्टस्, १९९२), पृ. २६०।

यस सोचमा *जमिनको* अर्थ स्थायीत्व हो जुन परमेश्वरको राज्य शासनले स्थापना गरिएको हुन्छ, र *समुद्र* भन्दा मानव अभिमानले स्थापना गरेका अस्थायी उथलपुथल हुने राष्ट्रहरू हुन्।

पढ्नुहोस्: **माथि व्यक्त गरिएको पृष्ठभूमिलाई ध्यानमा राखेर प्रकाश १२:१५, १६ र प्रकाश १३:१, ११ पढ्नुहोस्। पानी र पृथ्वीका विपरित क्रियाकलापहरू हेर्नुहोस्। तिनीहरूलाई कसरी प्रयोग गरिएको छ र भविष्यवाणी बुझ्न त्यसले हामीलाई कसरी सिकाउँछ?**

अजिङ्गर वा शैतानले स्त्री वा चर्चलाई यातना दिन *पानीलाई* उपयोग गर्छ। पानी भनेको सांसारिक सरकार हो भनेर भविष्यवाणीले प्रायः जसो बताएको हामीले हेर्यौं। तिनीहरूको बिचमा अराजकता र गडबड भइरहेको हामीलाई थाहा छ। चर्चको धेरै जसो इतिहासमा शैतानले भिडहरूका अगुवाहरूसँग मिलेर परमेश्वरका जनहरूलाई सताएको हामीले बुझ्दछौं।

सेभेन्थ-डे एड्‌भेन्टिस्टहरूले प्रकाश १२:१६लाई यसरी बुझेका छन् कि सताइएका विश्वासीहरू नयाँ संसार वा अमेरिकामा प्रवास गर्न जाने भनेर सम्बोधन गरिएको छ। यदि *जमिन* र *समुद्रको* बारेमा हाम्रो बुझाइ ठिक छ भने अमेरिका गणराज्यको स्थापनाको बारेमा हामीलाई के भन्छ?

पृथ्वी वा जमिन भन्दा परमेश्वरका जनहरूको निम्ति अलग गरिएको प्रतिज्ञा गरिएको देश भनेर के हामी बुझ्न सक्छौं कि? जमिनबाट निस्केको पशु पहिला थुमाजस्तै थियो भन्नुको अर्थ नयाँ स्थापना भएको अमेरिकी देशलाई औँल्याइएको होइन र? यस देशका संस्थापकहरूले अमेरिकालाई नयाँ इस्राएल भएको चाहे तापनि त्यो कहिले पनि भएको थिएन। तर धेरै समयसम्म यो देश संसारमा धर्मको निम्ति सताइएका र दबाइएकाहरूलाई शरण दिने धर्म स्वतन्त्रताको देश भएको थियो।

दुर्भाग्यवस, यस थुमाजस्तो पशुले एक दिन अजिङ्गरले जस्तो बोल्नेछ *(प्रकाश १३:११)* भनेर भविष्यवाणी गरिएको छ। धार्मिक स्वतन्त्रताको चिराख बोक्ने धर्मको नाउँमा सताइएकाहरूलाई शरण दिने अमेरिका धर्मकै नाउँमा सताउने देश हुनेछ भनेर भविष्यवाणीले बताउँछ। अमेरिका होस् वा जुनसुकै देश होस्, जब परमेश्वरलाई शासन गर्न दिनुको सट्टा पापी मानिसहरूलाई शासन गर्न दिइन्छ तब धर्मको नाउँमा सतावत दिइनेछ भनेर बाइबलले बताउँछ।

# फेरि भविष्यवाणी गर

अमेरिकामा रेमनेन्ट वा बाँकी सन्तान चर्चको उदय भएको थियो। त्यही ठाउँमा सत्रौँ र अठारौँ शताब्दीमा बेलायतबाट धार्मिक स्वतन्त्रता हुने देशमा विश्वासीहरू भागेका थिए। कतिपय देशहरूमा धार्मिक असहिष्णुता थियो। ती देशहरूमा यो बाँकी सन्तानको अभियानको उदय नयाँ देश अमेरिकामा भन्दा द्रुत गति वा प्रभावकारी हुनेथिएन होला।

पढ्नुहोस्: **येशूको आगमनको घोषणा गर्ने अभियान बोकेको चर्चको जन्मको बारेमा प्रकाश १०:१-११मा वर्णन गरिएको छ। हामीले अध्ययन गरेका केही तत्त्वहरू हेर्नुहोस्, जस्तै राष्ट्रहरू, भूमि र समुद्र। तिनीहरूलाई होशियारपूर्वक प्रयोग गर्ने सिलसिलामा हामी तिनीहरूमा हराउनुहुन्न, तर त्यस विवरणमा के लुकिएका अर्थहरू तपाईंले पाउनुभएको छ?**

ठूलो स्वरले स्वर्गदूत कराउँछन्। तिनी प्रकाश १४का तीन स्वर्गदूतहरू र प्रकाश १८का स्वर्गदूतजस्तै कराएका थिए। यो इतिहासको अत्यावश्यक क्षण थियो। सारा मानिसहरू, राष्ट्रहरू, भाषाहरू र राजाहरूका निम्ति *(प्रकाश १०:११)* बाँकी सन्तानको चर्च वा रेमनेन्ट चर्चको कामको स्थापना भएको थियो।

स्वर्गदूतको हातमा तिनले सानो पुस्तक लिएका हुन्छ। हुन सक्छ यो दानिएलको पुस्तक हो *(दानिएल १२:४)*। यो पुस्तक धेरै पुस्ताहरूपछि पहिले खोलिएको थियो। त्यस स्वर्गदूतको एउटा खुट्टा समुद्रमा थियो र अर्को खुट्टा पृथ्वीमा थियो। हुन सक्छ यसले सारा विश्वमा फैलिनुपर्ने सन्देश जनाउँछ। पुरानो संसार र नयाँ संसार अमेरिकामा त्यो पुस्तकको सन्देश फैलिन आवश्यक छ। अथवा त्यसले यही कुरा जनाउन सक्छ कि *सारा* राष्ट्रहरूमा त्यो सन्देश फैलिन आवश्यक थियो, जुन राष्ट्रहरू भूमि र जुन राष्ट्रहरू अन्यजातिहरूको समुद्रमा रहने गर्दछन्, तिनीहरू सबैको निम्ति थियो।

यस संसारमा युगको अन्तमा परमेश्वरको महिमा वा तेजले चम्किनेछ। प्रकाश १४को अन्तिम सन्देश *प्रत्येक मानिसमा* फैलिनेछ। इस्राएल देशको स्थापनामा परमेश्वरको लक्ष्य थियो कि सारा राष्ट्रहरूले उहाँलाई चिनून्। सेभेन्थ-डे एड्भेन्टिस्ट चर्चलाई पनि सारा संसारमा सुसमाचार सुनाउन आदेश दिइएको छ भनेर सेभेन्थ-डे एड्भेन्टिस्ट भनेर दाबी गर्नेले आत्मसात् गर्नैपर्छ। येशूको अपेक्षा यो छ, “सारा राष्ट्रहरूमा गवाहीको निम्ति सुसमाचार फैलिनेछ अनि संसारको अन्त्य हुनेछ” *(मत्ती २४:१४)*।

मानव इतिहासलाई महान् निष्कर्षमा पुऱ्याउन परमेश्वरले धकेलिरहनुभएको छ। मानव साम्राज्य, शक्ति, अधिकारलाई अन्त्य गराएर येशू ख्रीष्टलाई स्थायी रूपमा यस संसारको शासक बनाइनेछ। यसबारे दानिएल २:३४, ३५, ४४, ४५मा खुलासा गरिएको छ। यस संसारका सबै सांसारिक शासकहरू सदाको निम्ति निर्मूल हुनेछन् भनेर बाइबलले सिद्ध र स्पष्ट रूपमा बताउँछ। तिनीहरूका अस्तित्व र तिनीहरूका दुष्ट चालबाजीहरू सदाको निम्ति अलप हुनेछन् र त्यसको ठाउँमा अनन्तको राज्य स्थापना हुनेछ जहाँ पाप, दुःख, बिमार, खराब वा दुष्टता र मृत्युले फेरि शिर उचाल्न पाउनेछैन।

**दानिएल २ र ७मा वर्णन गरिएका सांसारिक साम्राज्यहरूको उदय र पतनको बारेमा भविष्यवाणीहरू कति ठिक थिए सो सोच्नुहोस्। हजारौँ वर्षअघि लेखिएको दानिएलको भविष्यवाणी अचम्म रूपमा पूरा भएको सन्दर्भमा परमेश्वरको आउने राज्यको प्रतिज्ञा पनि पूरा हुनेछ भनेर हामी कसरी विश्वस्त हुन सक्छौं?**

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित *पाट्रियार्क एण्ड प्रोफेटसको* पृ. ११७-१२४को "द टावर अभ बेबेल" भन्ने अध्याय पढ्नुहोस्।

"'मैले नयाँ आकाश र नयाँ पृथ्वीलाई देखें। पहिलो आकाश र पहिलो पृथ्वी अलप भएका थिए।' प्रकाश २१:१। जुन आगोले दुष्टहरूलाई भष्म पारेको थियो, त्यसले पृथ्वीलाई शुद्ध बनाउँछ। श्रापको प्रत्येक दाग निर्मूल भएको थियो। पापको ज्यादतीले गर्दा हुने डरलाग्डो नतिजाको कारणले भष्म भएको यस पृथ्वीमा सधैँ जलिरहने नरक हुनेछैन।

"एउटा याद गर्ने दाग त रहिरहन्छ: हाम्रो मुक्तिदाताले उहाँको क्रूसको दाग अनन्तसम्म बोकिरहनुहुनेछ। उहाँको घाइटे शिरमा भएको चोट, उहाँको कोखमा हानेको भालाको दाग, उहाँका हात र पाउहरूमा ठोकिएका किलाका दाग मात्र पापको क्रूर कामले गर्दा ल्याएको चिन्ह देखिरहनेछ। अगमवक्ता हबकूकले हबकूक ३:४मा यसरी व्यक्त गर्दछन्, "उहाँको गौरव सूर्योदयझैँ थियो, उहाँको हातबाट किरणहरू चम्किनिस्के, जहाँ उहाँको शक्ति लुकेको थियो।" मानिसहरूलाई परमेश्वरसँग मिलाप गराउने रक्ताम्य हातबाट मुक्तिदाताको महिमा बगिरहेको थियो। त्यसमा उद्धार गर्ने शक्तिशाली शक्ति लुकिएको थियो। मानव मुक्तिको निम्ति उहाँ बलि हुनुभएकोले परमेश्वरको दयालाई तिरस्कार गरेर दुष्ट जीवन बिताउन रमाउनेहरूलाई उहाँले न्यायको कार्यन्वयन ठोस रूपमा गर्नुहुनेछ। उहाँ विनम्र हुनुभएको चिन्हचाहिँ उहाँको सबभन्दा महा सम्मान हो। अनन्त युगसम्म उहाँमा भएको कलवरीका चोटहरूले उहाँको शक्ति र प्रशंसाको घोषणा गरि नै रहनेछन्।"—एलेन जी. ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ६७४।

## छलफलको लागि प्रश्नहरू:

१. अन्तमा आएर सांसारिक उपलब्धीहरू जतिसुकै महान् र ठूलो भए तापनि जतिसुकै प्रेरणादायी र महिमित वा गौरवमय भए तापनि, ती सबै खरानी र माटो हुनेछन्, र अन्तमा सदाको निम्ति विलय हुनेछन्। हामी जतिसुकै प्रतिष्ठित र सांसारिक थोकहरूमा सम्पन्न भए तापनि वा हाम्रा उपलब्धीहरू जतिसुकै महान् भए तापनि र अहिले नै उपलब्धीहरू हासिल गरिरहेको भए तापनि, ती सबै नाश हुनेछन्। यस दृष्टिकोणलाई दिमागमा सधैँ राखिरहनु किन महत्त्वपूर्ण छ? यसले हाम्रो कुन प्राथमिकतामा आँखा गाडिराख्नुपर्छ भनेर सिकाउँदछ?

२. प्रकाश १३:१-१० राम्रोसँग नियालेर पढ्नुहोस्। यहाँ उल्लेख गरिएको पशुले बाबेलको दिमागलाई कसरी प्रतिबिम्बित गरेको छ? यहाँ सारा मानव राष्ट्रहरूको निचोड लेखिएको छ। बेबिलोन र सानो सिङ्गको शक्तिको बारेमा विवेचना गरिएको छ। सारा युगमा प्रत्येक साम्राज्यका के चरित्रहरू प्रकट गरिएका छन्? अहिले कै संसारमा पनि बेबिलोन र रोमको मूल्य मान्यताहरूलाई प्रतिबिम्बित गरिरहेको छ?

३. हामी एड्भेन्टिस्टहरूले परमेश्वरको पछि लाग्ने र आफू रहेका देशका कानुनहरूप्रति आज्ञाकारी हुने कुराको बिचमा कसरी सन्तुलन राख्नुपर्छ? तर जब एकप्रति आज्ञाकारी भयो भने अर्कोप्रति अनाज्ञाकारी भयो भने के हुन्छ?

## भाग १: केटीको धर्म

*लेखक:* आन्ड्र्यु मेकचेस्नी

डायना केवल १२ वर्षकी मात्र थिइन्। उनी घरको व्यवस्थित जीवन र घरेलु मायाको अभावमा साथीहरूसँग लागेर दुर्व्यसनमा लागेकी थिइन्। उनी मद्यपान, धुम्रपान, गाँजा र लागु पदार्थ सेवन गर्थिन्। उनले उत्तेजित पार्ने रक सङ्गीतहरू सुन्न मन पराउँथिन्। उनी सबै रमझममा लागे तापनि उनको हृदयमा शान्ति थिएन। बालककालमा उनलाई येशूको बारेमा सुनाएकोले अब त्यस प्रतिकूल परिस्थितिमा उनले प्रार्थना गर्न थालिन् र उनको सोच परमेश्वरतिर फर्कन थाल्यो।

उनको बालककालको जीवनमा परमेश्वरले खास भूमिका खेल्न पाउनुभएको थिएन। उनको बुबा नौसेना वा जलसेनामा काम गरेकोले धेरै जसो उनको समय देश बाहिर हुन्थ्यो। अरू सैनिक परिवारजस्तै तिनीहरू पनि प्रत्येक दुई वा तिन वर्षमा घर सर्नु परेको थियो। उनकी आमाले उनलाई र उनका बहिनीहरूलाई तिनीहरू सानै हुँदा तिनीहरूलाई आइतबार चर्चमा लान्थिन्। त्यस बेला तिनीहरू अमेरिकाको फ्लोरिडामा बस्दथे।

अमेरिकाकै भर्जिनिया राज्यको नर्फोल्कमा भेकेशन बाइबल स्कुलमा सरिक हुने अवसर उनलाई मिलेको थियो। उनी १० वर्षकी थिइन्। छिमेकी बप्तिस्ट चर्चको बस आएर उनलाई र उनकी दिदीलाई लिएर त्यस बाल कार्यक्रममा लग्थ्यो। उनले यूहन्ना ३:१६लाई कण्ठ गरेकी थिइन्। उनले बाइबलका पुस्तकहरूको पनि कण्ठ गरेकी थिइन्। उनले मिसिनेरीहरूको बारमा सुनिन् र अपरिर्वतनीय परमेश्वरको वचनबारे सिकेकी थिइन्। उनले बप्तिस्मा लिन मन्जुर गरिन्। चर्चले उनका आत्मिक जग बसालेको थियो। तर चर्च बाहिर उनको जीवन फरक थियो। कसैले उनीमाथि जबरजस्ती करणी गरेको थियो। यो विजोग उनमा वर्षौंसम्म रहिर्‍यो।

जब उनी १२ वर्षकी थिइन् तब उनको परिवार अमेरिकाको न्यु मेक्सिको राज्यको आल्बकर्कीमा सर्‍यो। त्यहाँका छिमेकीका धेरै केटाकेटीहरूले रक्सी र लागु

पदार्थको दुर्व्यसनको चपेटामा थिए। डायना पनि तिनीहरूसँग लहैलहैमा लागिन्।

१४ वर्षको उमेर डायना आफ्नो परिवारसँग कलराडोको मन्टे भिस्टा सहरमा सरिन्। आफ्ना साथीहरूसँग गाँजा तान्ने समयमा तिनीहरूसँग कहिलेकाहीँ परमेश्वरको बारेमा चर्चा गर्थिन्। जब उनी १६ थिइन्, उनका धेरै साथीहरू धर्मका कक्षाहरूमा सरिक हुनुपरेको थियो। आत्मिक जीवनलाई गाढा बनाउने उनको चाहना भएकोले डायना पनि तिनीहरूसँगै ती क्लासहरूमा सरिक भइन्। एउटा कक्षामा रोमन क्याथोलिक चर्चको पादरीले चर्चको अधिकार बाइबलभन्दा माथि छ भनेर सुनाएको थियो। बाइबलमा लेखिएको सातौँ दिन शनिवार शबाथबाट हप्ताको पहिलो दिन आइतबारमा विश्राम दिन सारियो भनेर पनि उनले पढाए।

डायना चकित भइन् र त्यसप्रति सोच्न थालिन्। परमेश्वरको वचन कसैले परिवर्तन गर्न सक्दैन भनेर उनले सिकेको याद गरिन्। उनले सोच्न थालिन्, "बाइबलले नै सातौँ दिनमा आराधना गर्नुपर्छ भनेर बताए तापनि मानिसहरूले किन हप्ताको पहिलो दिन आइतबार चर्चमा जान्छन्?" डायनाले धर्म सिकाउने क्लास सिध्याउन निर्णय गरिन् तर चर्चमा नजाने निधो गरिन्। उनी रक्सी पिउँदैरहिन्, दुर्व्यसनमा लागिरहिन् र उत्तेजित पार्ने रक सङ्गीतहरूलाई सुनिरहिन्। समय बितेपछि तिनीहरू नै उनको निम्ति धर्म, जीवन र पहिचान भएका थिए।

